नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
योजना शाखा

फोन { ४२००३०९
४२००२८१

पत्र संख्या:- २०७४।७५

चलानी नं.:- ४

मिति २०७४/०४/०३

**विषय: शहरी व्यबस्थापन सम्बन्धमा ।**

श्री कार्यकारी अधिकृतज्यू,
महानगर/नगरपालिका सबै (काठमाण्डौ उपत्यका भित्रका) ।

नेपालको संविधान बमोजिम स्थानीयस्तरका सडक निर्माण, मर्मत रेखदेख र संरक्षण गर्ने कार्य तथा फोहोरमैला व्यवस्थापन जस्ता शहरी पूर्वाधार एवं शहरी सौन्दर्यता प्रवर्द्धनको कार्य स्थानीय सरकारको रुपमा रहेका नगरपालिका/गाउँपालिकाको कार्यक्षेत्र भित्र पर्ने ब्यहोरा अवगत नै छ । स्थानीय तहको निर्वाचन सम्पन्न भए सँगै स्थानीय तहहरुमा जनप्रतिनिधिको उपस्थिति समेत भईसकेको अवस्थामा स्थानीय सरकार प्रति जनताको आशा अपेक्षा समेत वढेको छ ।

काठमाण्डौं उपत्यका देशकै राजधानी शहर भएकोले यहाँका नगरपालिकामा निर्माण हुने शहरी पूर्वाधार, शहरी सौन्दर्यता र सहज जीवन यापनको ब्यवस्था अन्य नगरपालिका/गाँउपालिकाहरुको लागि समेत नमूनाको रुपमा विकसित रहनु पर्दछ । तर काठमाण्डौं उपत्यकाका सडकमा ठूला ठूला खाल्डा खुल्डी परेको सडक निर्माण र बिस्तार कार्य व्यवस्थित हुन नसक्दा वर्षादको समयमा अधिक हिलोचिप्लोको कारणले आवागमनमा असहजता भएको फोहोरमैलाको उचित व्यवस्थापन हुन नसक्दा जथाभावी फालिएका फोहोरको कारण सडक नालीहरु अवरुद्व भई सडक तथा बस्तीहरु जलमग्न भएको र बर्षादको पानीको सहज निकास (Surface runoff) हुन नसक्दा सडकमै मानिसलाई ढलले बगाई जनधनको क्षति हुनु राजधानी शहरको लागि शोभनीय बिषय होइन । यसै सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा उपरोक्त विषयलाई संसोधन गर्न सरोकारवाला मन्त्रालयहरुको उपस्थितिमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बैठक बसी सो बैठकले गरेका निर्णयहरु तहाँ समेत जानकारी गराइसकिएको व्यहोरा अनुरोध छ । सो सम्वन्धमा निम्नानुसार गर्नु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४।०४।०३ को निर्णयानुसार अनुरोध छ ।

**निम्न:**

१. आफ्नो क्षेत्रभित्रका सडकहरु मध्ये आफ्नो क्षेत्राधिकार भित्र पर्ने आफैले नेतृत्व लिई र अन्य लोकमार्ग तथा रणनीतिक सडकहरु तहाँबाट समन्वय गरी सम्वन्धित निकायबाट सडकमा परेका खाल्डा खुल्डी तत्काल पुर्न लगाउन एवं बिग्रिएका, भत्किएका संरचनाहरु तत्काल निर्माण गर्ने गराउने व्यवस्था मिलाउन ।
२. फोहोरमैलालाई जथाभावी फ्याक्न नदिन र फोहोरमैलाको कारणले ढल निकासमा भएको अवरोधहरु तत्काल हटाउन ।
३. सडक/सडक पेटीको नियमित सरसफाई गर्न तथा नगरक्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर कायम गर्ने व्यवस्था मिलाउन ।
४. विभिन्न निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण तथा मर्मत संभार भै रहेका सडकहरुको Debris Clearence गर्ने काम सम्बन्धित निर्माण व्यवसायी/उपभोक्ता समितिबाट गराउन । बर्षातको समयमा सडक छेउको झार उखेल्न र नाली सफा गर्ने व्यवस्था मिलाउन ।
५. विभिन्न व्यक्ति वा संघ संस्थावाट भवन निर्माण एवं व्यापार व्यवसायको प्रयोजनको निम्ति निर्माण सामग्री राखी सार्वजनिक सडक वा सडक पेटी अतिक्रमण गरेको भए तत्काल हटाई आवागमनलाई सहज र निर्वाध संचालन हुने व्यवस्था मिलाउन ।

**बोधार्थ:**
श्री सूचना तथा बिद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,-पत्र वेवसाईटमा राखिदिनुहुन ।

०६८/४/२
..................
(खेमराज जोशी)
शाखा अधिकृत